लोक सेवा आयोग

# हेटौंडा कार्यालय

हेटौंडा

वेवसाइट: www.psc.gov.np    फोन : ०५७–५२०३०२    फ्याक्स : ०५७–५२६८२२    इमेल: hetauda@psc.gov.np

## राजपत्र अनंकित प्रथम श्रेणी (प्राविधिक), सिनियर स्टोर मेकानिक्स पदको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना ।

### सूचना नं. ८१/०८१-८२ , मिति २०८२/०१/१६

लोक सेवा आयोग, काठमाडौं कार्यालयको **विज्ञापन नं. १२०१४-१२०१५/०८१-८२ (खुला तथा महिला)**, इञ्जिनियरिङ्ग सेवा, मेकानिकल समूह, नि.उ.स. उप-समूह, राजपत्र अनंकित प्रथम श्रेणी (प्राविधिक), सिनियर स्टोर मेकानिक्स पदमा **हेटौंडा परीक्षा केन्द्र** राखी दरखास्त फाराम स्वीकृत भएका सम्पूर्ण उम्मेदवारहरुको निम्न मिति, समय र स्थानमा लिखित परीक्षा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साथै सहयोगी लेखक आवश्यक पर्ने उम्मेदवारहरूले सहयोगी लेखक माग गर्नु पर्ने कारण र प्रमाण सहितका कागजात संलग्न राखी लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६८(१) बमोजिम परीक्षा शुरु हुने मिति भन्दा १०(दश) दिन अगावै यस कार्यालयमा निवेदन दिनु पर्नेछ ।** परीक्षार्थीहरूले अनिवार्य रुपमा पालना गर्नुपर्ने विषयहरू द्रष्टव्य मा तल उल्लेख गरिएको छ ।

### परीक्षा कार्यक्रम

| पत्र | विषय | परीक्षा प्रणाली | परीक्षा मिति र समय | अवधि |
|---|---|---|---|---|
| प्रथम | सामान्य ज्ञान र सार्वजनिक व्यवस्थापन (General Awareness & Public Management) | वस्तुगत (बहुवैकल्पिक प्रश्न) | २०८२/०१/२८, दिनको १:०० बजे | ४५ मिनेट |
| | सेवा सम्बन्धित कार्य - ज्ञान (Job Based Knowledge) | | | |
| द्वितीय | सेवा सम्बन्धित कार्य - ज्ञान (Job Based Knowledge) | विषयगत | २०८२/०१/२८, दिनको २:१५ बजे | २ घण्टा १५ मिनेट |

### परीक्षा भवन

| क्र.सं. | उम्मेदवारहरुको रोल नं. | परीक्षार्थी संख्या | परीक्षा भवन |
|---|---|---|---|
| १ | हेटौंडा परीक्षा केन्द्र राखी दरखास्त स्वीकृत भएका सबै उम्मेदवारहरु । | | लोक सेवा आयोग, हेटौंडा कार्यालय, परीक्षा भवन । |

**द्रष्टव्य :**

क) परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुनेछैन ।
ख) प्रवेश-पत्र बिना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित गराईने छैन । परीक्षार्थीले परीक्षामा सहभागी हुन आउँदा नेपाली नागरिकताको प्रमाणपत्र वा सरकारी कार्यालयबाट जारी भएको फोटो सहितको कुनै एक सक्कलै प्रमाणपत्र लिई उपस्थित हुनुपर्नेछ ।
ग) परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ । साथै वस्तुगत उत्तरपुस्तिकामा सिसाकलम प्रयोग गर्न पाइने छैन ।
घ) वस्तुगत बहुउत्तर (Multiple Choice) भएका प्रश्नको उत्तर अंग्रेजी ठूलो अक्षर (Capital Letter) मा A, B, C, D लेखिएको उत्तरलाई मात्र मान्यता दिइनेछ ।
ङ) परीक्षा शुरु हुनु भन्दा १ घण्टा अगाडी परीक्षा केन्द्रमा आईपुग्नु पर्नेछ ।
च) परीक्षा भवनमा मोबाईल तथा विद्युतीय सामाग्री निषेध गरिएको छ ।
छ) तोकिएको परीक्षा केन्द्र बाहेक अन्य परीक्षा केन्द्रमा सहभागी गराईने छैन ।

| ................. | ................. | .......................... |
|---|---|---|
| (सुरेश साह) | (बद्रीनाथ सापकोटा) | (केशव शर्मा) |
| कम्प्युटर अपरेटर | शाखा अधिकृत | उप सचिव |